बलेफी गाउँपालिका

बलेफी गाउँपालिका (तिब्बती लिपिमा)

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८२/८३

सूचना नंः ११५

## आ.व. २०८२/०८३ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना !!!

(प्रकाशित मितिः २०८३/०३/३०)

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले आफ्नो तथा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अध्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायमा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ।

उक्त कानुनी व्यवस्था बमोजिम बलेफी गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरू तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरू आ.व. २०८२/०८३ को सम्पत्ति विवरण तोकिएको फाराममा स्पष्ट रूपमा भरी, आवश्यक प्रमाण तथा कागजात संलग्न गरी २०८३ साल भाद्र १५ गतेभित्र बलेफी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन, योजना तथा अनुगमन शाखामा तपसिल बमोजिमका विवरणका साथ खामबन्दी गरी अनिवार्य रूपमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| जनप्रतिनिधिको हकमा | कर्मचारीको हकमा |
|---|---|
| आ.व. २०८२/०८३ को सम्पति विवरण | आ.व. २०८२/०८३ को सम्पति विवरण |
| नाम, थरः | कर्मचारीको संकेत नंः |
| पदः | नाम, थरः |
| ठेगानाः | पद/तहः |
| मोबाइल नं.: | सेवा/समूहः |
| ईमेल ठेगानाः | श्रेणी/तहः |
| | ठेगानाः |
| | मोबाइल नं.: |
| | ईमेल ठेगानाः |

२०८३/०३/३०

.............................

(सन्देश सापकोटा)

नि. प्रमुख प्रशासकीय अधिकृत